कर्णाली प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

(सम्पर्क : ०८३-५२५७५०)

## सञ्चार माध्यम अभिलेखिकरणको लागि ७ दिने सार्वजनिक सूचना !

(मिति : २०७८/०१/१५)

कर्णाली प्रदेशभित्र सञ्चालनमा रहेका (एक हजार वाट भन्दा कमका) एफ.एम.रेडियो, टेलिभिजन (स्याटेलाइट टेलिभिजन बाहेक) केवल टेलिभिजनहरुलाई एक लाख, दैनिक पत्रिकालाई तीस हजार र साप्ताहिक पत्रिकालाई पन्ध्र हजारको दरले उपलब्ध गराई कार्यक्रम उत्पादन प्रसारण र प्रकाशन गर्ने गराउने सम्बन्धमा सञ्चार माध्यमहरुसँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न २०७७/०५/११, र २०७७/११/२३ गते सूचना प्रकाशन गरिएकोमा पुनः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र देहायबमोजिका कागजातहरु सहित मन्त्रालयको सूचना समन्वय तथा प्रशारण शाखा वा इमेल ठेगाना moialkarnali.info@gmail.com मा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

देहायः

**अभिलेखिकरणको लागि संलग्न गर्नुपर्ने कागजातः**

१. मन्त्रालयलाई सम्वोधन गरिएको निवेदन,
२. फर्म/संस्था/कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि,
३. सञ्चार माध्यम दर्ता र नवीकरण गरिएको इजाजत पत्रको प्रमाण पत्रको प्रतिलिपि
४. फर्म/संस्था/कम्पनीको सञ्चालक समितिको बैठकको निर्णयको प्रतिलिपि,
५. स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर प्रमाण पत्रको प्रतिलिपि,
६. आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
७. प्रेस काउन्सिल नेपाल र सूचना तथा प्रशासरण विभागमा सूचिकरण भएको भए सोको प्रमाण पत्रको प्रतिलिपि,
८. यस आ.व.मा स्वामित्व परिवर्तन भएको भए सोको प्रतिलिपि
९. मन्त्रालयले तोकेका अन्य कागजातहरुको प्रतिलिपि

*नोटः मिति २०७७/०५/११ र २०७७/११/२३ मा प्रकाशित सूचना बमोजिम अभिलेखीकृत भएका सञ्चारमाध्यमहरुले पुनः निवेदन पेश गर्नु नपर्ने ।*

उप-सचिव (कानून)